# पेशागत सुरक्षा, स्वास्थ्य उपयोगिता तथा जोखिम मूल्यांकनको विस्तृत संजाल (इन्स्योर–नेपाल)



फोटो सौजन्य: एड काशी

इन्स्योर–नेपाल लामो समयदेखि नेपालको स्वास्थ्य क्षेत्रमा काम गर्दै आएको नेपालस्थित नेपाल विकास समाज, अमेरिकाको ला इस्ला नेटवर्क र जोन्स हप्किन्स विश्वविद्यालय, बेलायतको बर्नमाउथ विश्वविद्यालय लगायत नेपाली श्रम आप्रवासी क्षेत्रको पेशागत स्वास्थ्य, सामुदायिक विकास र सार्वजनिक नीतिमा विशिष्ट अनुभव र विशेषज्ञता भएका विश्वभरका प्रतिष्ठित अनुसन्धानकर्ताहरुसँगको सहकार्यमा संयुक्त राज्य अमेरिकी सरकार राज्य विभागको आर्थिक सहयोगमा संचालित चार वर्षीय परियोजना हो । यस परियोजनाले वैदेशिक राजेगारीमा जान अपनाइने औपचारिक तथा अनौपचारिक माध्यमको छनाटै, र जुनसुकै माध्यमबाट कामका लागि विदेशिए पनि यसले पार्ने सामाजिक, आर्थिक, र स्वास्थ्यसम्बन्धी प्रभावहरुको अनुसन्धान गर्नेछ ।

## परियोजनाको लक्ष्य

यस परियोजनाको उद्देश्य वैदेशिक राजेगारीमा रहेका नेपालीहरु, उनका परिवार र समुदायमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न अनुसन्धानमा आधारित रहेर धेरैभन्दा धेरै ठाउँमा प्रयोगमा ल्याउन सकिने कार्यक्रमको विकास गर्नु हो। यसका लागि हाल वैदेशिक रोजगारीमा रहेका, फर्किएका र जाने तयारीमा रहेका नेपालीहरु, बेचबिखनमा परि फर्किएर जीवनयापन गरिरहेकाहरु, रोजगारदाताहरु, नेपाल र गन्तव्य मुलुकहरुमा कार्यरत सरोकारवाला संघ–संस्थाहरु, सरकारी र गैरसरकारी निकायहरुसँग वैज्ञानिकढंगले छलफल गरी उनीहरुका विचार र अनुभवहरुलाई समेटिनेछ। यस क्रममा आप्रवासनका हरेक चरणहरुमा (जानुभन्दा अघि, विदेशमा रहँदा र फर्किएपछि) हुनसक्ने जोखिमहरुको पहिचान गरी त्यसको न्यूनीकरणका लागि सम्भावित उपायहरुको अनुसन्धान गरी तथ्यमा आधारित कार्यक्रमको (Intervention Development Research) विकास गरिनेछ।

### पहिलो चरण: अनुसन्धान तथा कार्यक्रम निर्माण प्रक्रियाको योजना

यस चरणमा परियोजनाले नेपाली श्रमिक आप्रवासीहरुलाई असर गर्ने मुख्य समस्याहरुको पहिचान गर्न प्रारम्भिक तथ्यांक संकलन गरिनेछ।

२०२४

### दोस्रो चरण: अनुसन्धान कार्यक्रमको प्रारम्भिक खाका तयारी

पहिलो चरणमा संकलन गरिएको तथ्यांकको आधारमा सरोकारवालाहरुसँगको सहकार्यमा अनुसन्धान कार्यक्रमको प्रारम्भिक खाका तयार गरिनेछ।

२०२५

### तेस्रो चरण: प्रारम्भिक खाकाको परीक्षण, परिमार्जन तथा अन्तिम खाकाको निर्माण

समुदायसँग स्थापित सहकार्य मार्फत यस परियोजनाले हाल वैदेशिक रोजगारीका विभिन्न चरणहरुमा (जाने तयारीमा, हाल विदेशमै, र घर फर्किएका) रहेका व्यक्तिहरुका लागि छोटो अवधिका परीक्षणकालिन कार्यक्रमहरु कार्यान्वयन गर्नेछ । परीक्षणको नतिजाको आधारमा आवश्यक परिमार्जन गरी कार्यक्रमलाई अन्तिम रुप दिइनेछ।

२०२६

### चौथो चरण: अनुसन्धानको निष्कर्ष र विकसित कार्यक्रमको प्रवाह

अन्तिम चरणमा यस परियोजनाको अनुसन्धानले प्राप्त गरेको नतिजा र त्यसमा आधारित रहेर विकास गरिएको कार्यक्रमलाई नेपाल र विश्वका विभिन्न लक्षितवर्गको लागि विभिन्न माध्यमहरुबाट सार्वजनिक गरिनेछ।

२०२७

## हाम्रो परिचय

नेपाल विकास समाज सन् २०१३ मा स्थापित नेपालको अग्रणी अनुसन्धान केन्द्रित गैर–सरकारी संस्था हो । यसले श्रम अधिकार, स्वास्थ्य, वातावरण, जलवायु परिवर्तन, शिक्षा, सुशासन, सार्वजनिक नीति, र अनुसन्धानमा केन्द्रित भएर राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका मुद्दाहरुमा पैरवी तथा कार्य गर्दछ । नेपाल विकास समाजले मुख्यतया स्वास्थ्य क्षेत्रमा अध्ययन अनुसन्धान तथा परामर्श गर्दै श्रमिकहरुमा गैर–परम्परागत कारणहरुबाट उत्पन्न दीर्घकालिन मृगौला रोगको न्युनिकरण गर्ने कार्यहरु गर्दै आईरहेको छ । यस प्रक्रियाका क्रममा यस संस्थाले रोजगारदाता, श्रमिक, विश्वविद्यालय, सरकारी तथा अन्य संघसंस्थाहरुसँग नजिक रहेर काम गर्दछ । श्रमिकहरुको कार्यअवस्था, स्वास्थ्य र पेशागत सुरक्षासम्बन्धी नीति तथा प्रक्रियाहरुको सबै तहमा सुधार सुनिश्चितताको लागि नीति निर्माताहरुसँग सहकार्य गर्दछ।

**इन्स्योर** नेपाल

यस परियोजना संयुक्त राज्य अमेरिकी सरकारबाट प्राप्त भएको अनुदान हो। यसमा उल्लेखित राय तथा निष्कर्षहरु नितान्त लेखकहरुको जिम्मेवारी हुन र तिनले अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन भन्ने जरुरी छैन।

नेपाल विकास समाज NEDS Nepal Development Society 2070

la isla network

BU Bournemouth University

Johns Hopkins University